**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

माननीय न्यायाधीश श्री तेजबहादुर कार्की

माननीय न्यायाधीश श्री डालकुमार खड्का

**इजलास नं.-२**

**आदेश**

**विषयः उत्प्रेषण परमादेश समेत।**

**निवेदन नं. 075-WO-0075**

**नि.नं. ३७३**

| | |
|---|---|
| लस बहादुर गुरुङ्गको छोरा , तथा गोर्खा स्मारक ट्रष्टका अध्यक्ष कास्की जिल्ला पोखरा महानगरपालीका वडा नं. ११ रानीपौवा बस्ने वर्ष ७१ को पदम बहादुर गुरुङ्ग.............१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय, स्याङ्गजाका प्रमुख जिल्ला अधिकारी कोशहरि निरौला...........१<br>जिल्ला प्रशासन कार्यालय, स्याङ्गजा...........................................................................१<br>कास्की जिल्ला पोखरा महानगरपालीका वडा नं. ११ फुलबारी बस्ने रामदल गुरुङ्गको छोरा गोरखा स्मारक ट्रष्टका अध्यक्ष जंगबहादुर गुरुङ्ग..................................................१<br>ऐ.ऐ वडा नं. १० रामघाट बस्ने केदारबहादुर गुरुङ्गको छोरा गोरखा स्मारक ट्रष्टका सचिव डा. चन्द्र बहादुर गुरुङ्ग.............................................................................१ | विपक्षी |

न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्रको प्रस्तुत रिट निवेदन पत्र एवं लिखित जवाफको संक्षिप्त तथ्य र आदेश ब्यहोरा निम्न अनुसारको रहेकोछ :

**<u>तथ्य-खण्ड</u>**

१. **<u>रिट निवेदन पत्रको सारांश-</u>**

हाम्रो सामाजिक,आर्थिक परिस्थितीले म निवेदक आफ्नो किशोर उमेरमा बेलायती सेनामा भर्ति भई पुरा अबधि सेवा गरी निवृत भएको हुँ । आफु सेवारत रहदा म र अरु केही साथीहरुले शैनिक अनुशासनको दायरा भित्र रहेर बिभेदका बिरुद्ध कुरा उठाउदै आएका थियौं।यसै क्रममा बिभेद र शोषणबाट मुक्त गर्ने सोचका साथ मेरै अगुवाईमा गोरखा भुतपुर्व सैनिक संघ (गेसो) स्थापना गरेका हौं । युद्धमा हताहत तथा बेपत्ता भएका समेत सबै ज्ञात अज्ञात गोरखाली सैनिकहरुको सम्झनामा एउटा अनुपम स्मारक स्थापना गर्ने संकल्पले स्याङ्जा जिल्लाको

साल्मे डाँडामा स्मारक पार्क बनाउने निर्णय गरियो। सो प्रकृयाको लागि आवश्यक बिधान जिल्ला प्रशासन कार्यालय स्याङ्जामा दर्ता पनि गरीयो। सो स्मारक निर्माण कार्यमा म शुरु देखिनै खटी आएको र पछिल्लो पटक भएको साधारण सभाले मलाई सभापती समेत चयन गरेको अवस्था छ। यसै क्रममा मेरै अध्यक्षतामा गठित समितीका सह-सचिव समेतलाई उक्साई बिपक्षीहरुले मलाई उक्त संस्थाको अध्यक्षबाट बिस्थापित गर्ने गरी मेरो बिरूद्धमा मलाईनै जानकारी नदीई अविश्वासको प्रस्ताव मिति २०७५।११।०३ मा पास गरेका रहेछन । म निवेदकलाई उक्त संस्थाको अध्यक्षको पदबाट हटाउने कार्य गोरखा स्मारक ट्रष्टको बिधान २०६८ को दफा २५ बिपरीत रहेको र नेपालको संबिधान २०७२ को धारा १७ (घ) तथा धारा १८ र २७ समेतले प्रत्याभुत गरेको संबैधानिक अधिकारबाट बिपक्षीहरूले बंचित गरेका छन । म निवेदकलाई गोरखा स्मारक ट्रष्टको बिधान बमोजिमको साधारण सभाले अध्यक्ष चुनेको हुंदा बाँकी अबधि सम्म अध्यक्षको हैसियतमा काम गर्न दिनु भनी बिरुद्ध खण्डका जिल्ला प्रशासन कार्यालय स्याङ्जा समेतका नाममा परमादेश आदेश र बिपक्षी जंग बहादुर लाई अध्यक्ष र चन्द्र बहादुरलाई सचिवको रुपमा कार्य गर्न नदिनु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ बमोजिम अन्तरिम आदेश समेत जारी गरीपाउं भन्ने व्यहोराको पदम बहादुर गुरुङ्गको मिति २०७६।१।१५ को निवेदनपत्र ।

२. <u>यस अदालतको आदेशः-</u>

- यसमा के कसो भएको हो ? निवेदन माग बमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ? त्यस्तो आदेश जारी हुन नपर्ने कुनै कानुन सम्मत आधार र कारण भए खुलाई बाटाको म्याद बाहेक १५(पन्ध्र) दिन भित्र बिपक्षी १ र २ का हकमा उच्च सरकारी वकिल कार्यालय पोखरा मार्फत र बिपक्षी ३ र ४ का हकमा आफै वा कानुन बमोजिमको प्रतिनिधी वा वारेस मार्फत लिखित जवाफ पेश गर्नु भनी निवेदन र आदेशको प्रतिलिपी समेत साथै राखी म्याद सुचना जारी गर्नु।
  निवेदनमा जिकीर लिएको अन्तरिम आदेश जारी गर्ने नगर्ने सम्बन्धमा दुबै पक्षबीच छलफल गराउन आवश्यक भएकाले मिति २०७६।१।२५ का दिन ११ बजे सो छलफलको लागि समय तोकी सो अवधिसम्म जंगबहादुर गुरुङ्ले अध्यक्षको र चन्द्र बहादुर गुरुङ्ले सचिवको रुपमा काम नगर्नु नगराउनु भनी उच्च अदालत नियमावली (संसोधन सहीत) २०७३ को नियम ४२ बमोजिम बिपक्षीहरुको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने यस अदालतको मिति २०७६।१।१६ को आदेश
- मिति २०७६।१।१६।२ मा अन्तरिम आदेश जारी भएकोमा आज भएको छलफलको क्रममा त्यस्तो आदेश जारी नहुनुपर्ने कुनै बैध आधार कारण बिपक्षीतर्फबाट पेश हुन नसकेबाट सुबिधा सन्तुलनको दृष्टिकोणले निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएकोले यस अदालतको एक न्यायाधीशको ईजलासबाट उपरोक्त मितिमा जारी भएको आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ । यो आदेशको जानकारी बिपक्षीहरूलाई दिनु भन्ने मिति २०७६।१।२५।४ मा भएको आदेश ।

३. <u>लिखित जवाफ व्यहोराः-</u>

- बिपक्षीको निवेदन जिकीर आफैमा नियमसंगत छैन । संस्थाको कार्य समितिको बैठकबाट उक्त संस्था नबिकरण गर्ने निर्णयको प्रतिलिपि, गत आ.ब.२०७४।०७५ को अन्तिम लेखापरिक्षण प्रतिवेदन, आन्तरिक राजस्व कार्यालय पोखरा कास्किको च.नं.१७००१ को पत्र,मिति २०७५।१२।०८ को गोर्खा स्मारक ट्रष्टको लेटरप्याड तथा छाप प्रयोग गरी जिल्ला प्रशासन कार्यालय स्याङ्जालाई उक्त संस्था नबिकरण गरिदिनको लागि का.बा.अध्यक्ष जङ्गबहादुर गुरूङ्गले हस्ताक्षर गरी लेखेको संस्थाको निवेदन,फेदिखोला गाउंपालिका १ नं.वडा कार्यालयको च.नं.५६४,मिति २०७५।१२।१७ को सिफारिस पत्रको आधारमा संस्था दर्ता नियमावली, २०३४ को नियम ५ को उपनियम ३(ख) बमोजिम लाग्ने नबिकरण दस्तुर लिई उक्त संस्था नबिकरण गरिदिएको हो । जिल्ला प्रशासन कार्यालय स्याङ्गजा र यसका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७५।११।३ को निर्णय स्विकार भए गरेका सबै कार्य कानुन बिपरीत भएको भन्ने जिकीर झुठ्ठा हो। मलाई अनावश्यक झन्झट दिने हेतुले दिएको झुठ्ठा व्यहोराको रिट निवेदन खारेज गरीपाउँ भन्ने जिल्ला प्रशासन कार्यालय स्याङ्गजाका प्रमुख जिल्ला अधिकारीले पेश गरेको मिति २०७६।१।२४ लिखित जवाफ ।
- संस्था दर्ता ऐन बमोजिम २०६८ सालमा म चन्द्र बहादुर गुरुङ्ग समेतको पहलमा गोरखा स्मारक ट्रष्ट स्थापना गरी स्याङ्गजा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी ट्रष्टको उद्देश्य अनुरुप कार्यगर्दै आइरहेको छ। यसरी गोरखा स्मारक ट्रष्ट स्थापना भएपछि संस्था दर्ता ऐन २०३४ र नियमावली तथा गोरखा स्मारक ट्रष्टको विधान , २०६८ बमोजिम पसिक्षी निवेदक पदम बहादुर गुरुङ्ग अध्यक्षको नेतृत्व भुमिका निर्वाह गर्नुपर्नेमा विधान बमोजिम ट्रष्टको बैठक पनि नबोलाउने ट्रसको नाउमा बैंकमा खाता पनि नखोल्ने, धेरै समय सम्म बेलायतमागै बस्ने र गोरखा स्मारक ट्रष्टलाई नविकरण पनि नगरेकोले संस्थालाई पारदर्शी बनाउन , नेतृत्व चयन गर्न र संस्था नविकरण गर्नको लागि मौजुदा कार्य समिति विघटन गरी पुनर्गठन गर्ने छलफलको विषय तोक्ने गरी निज पदम बहादुर नेपाल आएको मौका छोपी मिति २०७४।७।१५ मा कार्यसमितिको बैठक बसी मिति २०७४।८।८ मा वार्षिक साधारण सभा बोलाउने समेत निर्णय गरेको हो। साथै प्रस्ताव नं. ४ अनुसार कार्यसमिति पुनर्गठन गर्ने सम्बन्धमा अन्य सदस्यहरु नियमित बैठकमा उपस्थित नहुने , संस्था प्रति इमान्दारी नदेखाउने र सहयोग पनि नगर्ने हुदाँ १ वर्षको लागि ११ सदस्यिय कार्यसमिति चयन गरेको थियो। विपक्षी पदम बहादुरले वार्षिक साधारण सभा नबोलाएकोले सदस्यता नविकरण नगरेकोले अध्यक्ष पदमा बहाल रहन सक्तैनन्। तसर्थ <u>सो पदमा</u> म जंगबहादुर गुरुङ्गलाई मिति २०७५।१२।३ को सभाले निर्वाचित गरेकोले म चन्द्र बहादुर गुरुङ्गलाई पनि सचिव पदमा निर्वाचित गरेको हो। हामीले संस्था दर्ता ऐन , २०३४ र गोरखा स्मारक ट्रष्टको बिधान बिपरीत कुनै कार्य गरेको छैनौं । विपक्षी उपरको अविश्वासको प्रस्ताव हामी दुई जनाको मात्र होईन , उपस्थित सबैको सर्वसम्मतीको निर्णय हो। निवेदकले सो प्रस्ताव पारीत गर्ने अन्य सदस्यलाई विपक्षी

बनाएको छैन। त्यसैले हामीलाई दुःख दिन दिएको झुठ्ठा रिट निवेदन बमोजिमको आदेश जारी हुनुपर्ने होईन । रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको विपक्षी जंगबहादुर गुरुङ्ग र चन्द्रबहादुर गुरुङ्गको मिति २०७६।२।९ को सयुंक्त लिखित जवाफ ।

## आदेशखण्ड

४. उच्च अदालत नियमावली, २०७३ को नियम ८५ बमोजिम इजालसमा बिचारार्थ पेश भएको रिट नं. 075-WO-0075 को प्रस्तुत मिसिल संलग्न रिट निवेदन र लिखित जवाफ एवं पेश भएको गोरखा स्मारक ट्रष्टको स्विकृत बिधान २०६८ तथा उक्त संस्थाको नाममा भएको विभिन्न मितिका निर्णयहरु समेत अध्ययन गरीयो।

५. प्रस्तुत रिट निवदेनमा निवेदक तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री तिलक पराजुलिले निवेदक पदम बहादुर गुरुङ्ग गोर्खा स्मारक ट्रष्टको वैधानिक र विधिवत निर्वाचित अध्यक्ष हो। पछिल्लो बैधानिक साधारण सभाले निबेदकलाई दुई बर्षको लागि अध्यक्षमा चयन गरेको छ । साधारण सभाले दुई बर्षको लागि चयन गरीसके पश्चात सो अगावै गोरखा स्मारक ट्रष्टको बिधान बिपरित निवेदकलाई कथित अविश्वासको प्रस्तावमा सुनुवाईको मौका समेत प्रदान नगरी हठात संस्थाको अध्यक्ष पदबाट हटाउनु संस्थाको स्विकृत बिधानमा भएको प्रबन्ध बिपरित भएकोले संस्थाको पछिल्लो बैधानिक साधारण सभाले चयन गरेको बांकि अवधि काम गर्न पाउनु पर्दछ र बिपक्षीहरूको अवैधानिक कार्य उत्प्रेषणको आदेशले बदर हुनु पर्दछ भनी बहस गर्नु भयो ।

६. बिपक्षी जंगबहादुर गुरुङ्ग र चन्द्रबहादुर गुरुङ्गकातर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ता श्री कृष्णबहादुर गुरूङ्गले रिट निवेदक पदम बहादुर गुरूङ्गले लामो समय देखि संस्थाको बैठक नराखी बेखबर रहेको र संस्थाको बैठक बसी आ.व.२०७५।०७६ को नविकरण र अन्य औपचारिक पत्राचार गर्न अपरिहार्य भएकोले पत्र प्राप्त भएको मितिले ७ दिन भित्र बैठक राखी आवश्यक कार्य गर्नु परेको हो। अन्यथा संस्था बचाउनको लागि संस्थाको उपाध्यक्षको अध्यक्षतामा बैठक राखी आवश्यक प्रकृया अगाडि बढाउने भनी ट्रष्टले मिति २०७५।१०।११ मा निर्णय गरी सो निर्णय रिट निवेदकलाई मिति २०७५।११।१३ मा जनकारी दिंदा समेत रिट निवेदकले उक्त जानकारीको उपेक्षा गरी बसेकोले गोरखा स्मारक ट्रस्टको कार्यसमितिको बहुमतको निर्णयले रिट निवेदकको बिरूद्ध अविश्वासको प्रस्ताव पारीत गरेको हो, जो विधान सम्मतनै छ । रिट निवेदकले सो संस्थाको लागि गर्नु पर्ने कार्य नगरे पश्चात संस्था बचाउन मेरो पक्षले केहि न केहि गर्नै पर्ने हुन्थ्यो । संस्था बचाउन गरेको काम कारवाही बिधान सम्मत भएकोले निराधार रिट निवेदन खारेज गरीपाऊं भनी गर्नु भएको बहस समेत सुनियो ।

७. दुवै तर्फका विद्वान कानून व्यवसायीहरुको बहस जिकिर सुनी निर्णयतर्फ विचार गर्दा निम्न प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयोः

(१) बिपक्षी जङ्गबहादुर गुरूङ्गको अध्यक्षतामा मिति २०७५।१२।३ मा बसेको बैठक र सो बैठकले निवेदकको बिरूद्धमा पारित गरेको अविश्वासको प्रस्ताव गोरखा स्मारक ट्रष्टको बिधान २०६८ अनुकुल छ छैन ?

(२) निवेदकको मांग बमोजिम रिट निवेदन जारी हुनु पर्ने हो होईन ?

८. पहिलो प्रश्न तर्फ विचार गर्दा, बिपक्षी जङ्गबहादुर गुरूङ्गको अध्यक्षतामा मिति २०७५।१२।३ मा बसेको बैठकको बैधता परिक्षण गर्नको लागि सर्व प्रथम बिपक्षी जङ्ग बहादुर गुरूङ्गले बैठक बोलाउने र बोलाएको बैठकको अध्यक्षता गर्ने निजको हैसियत छ छैन भनी हेर्नुपर्ने हुन्छ । रिट निवेदकले अध्यक्षता गरेको मिति २०७४।८।८ मा बसेको गोरखा स्मारक ट्रष्टको बार्षिक साधारण सभामा बिपक्षी चन्द्र बहादुर गुरूङ्ग सह सचिवको हैसियतमा र बिपक्षी जङ्गबहादुर गुरूङ्ग आमन्त्रितको हैसियतमा उपस्थित भई सोही मितिको बार्षिक साधारण सभाले गोरखा स्मारक ट्रष्टको मौजुदा कार्य समिति पुनरगठन गरी ११ जनाको कार्य समिति गठन गर्दा बिपक्षी मध्येका चन्द्रबहादुर गुरूङ्ग साविककै पद सह सचिवमा यथावत कायम भई अर्का बिपक्षी जङ्गबहादुर गुरूङ्ग उपाध्यक्ष पदमा आएको देखिन्छ । अर्थात मिति २०७४।८।८ भन्दा अगाडि बिपक्षी जङ्गबहादुर गुरूङ्ग सो गोरखा स्मारक ट्रष्टको उपाध्यक्ष रहेको देखिंदैन । अध्यक्षको अनुपस्थितिमा गोरखा स्मारक ट्रष्टको कुनै पनि बैठक बोलाउने र अध्यक्षता गर्ने एवं अध्यक्ष र उपाध्यक्षको काम कर्तब्य र अधिकारको सम्बन्धमा गोरखा स्मारक ट्रष्टको स्विकृत बिधान २०६८ को दफा १३(४), १३(६) र दफा १७ को ब्यवस्था निम्न बमोजिम रहेको देखिन्छ :

*"दफा १३(४)*
*कार्य समितिको बैठक आवश्यक्तानुसार अध्यक्षले बोलाउनेछ । तर कार्य समितिका पदाधिकारीहरूको जम्मा संख्याको ५१% ले बैठक बोलाउन मांग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरून्त बोलाउनु पर्दछ ।"*
*"दफा १३(६)*
*कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ तर निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएको सदस्यहरू मध्ये जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।"*

*दफा १७: पदाधिकारीको काम कर्तब्य र अधिकार:-*
*अध्यक्षको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ:*
*(क) समिति र सभाको बैठकको अध्यक्षता ग्रहण गरी बैठक संचालन गर्ने ।*
*(ख) निर्णयिक मत दिने ।*
*(ग) संस्थाको नेतृत्व लिने ।*
*(घ) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।*
*(ङ) आवश्यक्तानुसार बैठकहरू बोलाउन सचिवलाई आवश्यक निर्देशन दिई कामको बांडफांड गर्ने*
*(च) अभिलेख प्रमाणित गर्ने ।*
*(छ) संस्थाको हितलाई ध्यानमा राखी आर्थिक बृद्धि लगाएत आयब्ययको प्रत्यक्ष निगरानी राख्ने ।*

*(ज) बिधानले तोके बमोजिम अन्य कार्य गर्ने ।*

*उपाध्यक्ष काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः*

*(क) अध्यक्षलाई सहयोग गर्ने ।*

*(ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।*

*(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्यहरू गर्ने ।*

*(घ) अन्य तोकिएको कार्यहरू गर्ने ।*

८. गोरखा स्मारक ट्रष्टको बिधान २०६८ को उल्लेखित ब्यवस्था हेर्दा उपाध्यक्षले संस्थाको बैठक बोलाउन पाउने अवस्था भनेको अध्यक्षको अनुपस्थिती वा अध्यक्षले बैठक बोलाउनु र सो बैठकको अध्यक्षता गर्नु भनी जिम्मेवारी दिएको अवस्थामा मात्र हो । अध्यक्ष अनुपस्थित भएको कारणबाट उपाध्यक्षले बैठकको अध्यक्षता गर्नु परेको हो र अध्यक्ष यो यस कारणबाट बैठक बोलाउन असमर्थ रहेको कारण अध्यक्षले गर्ने काम उपाध्यक्षले गर्नु परेको हो भन्नेषकुरा मिति २०७५।१२।३ मा बसेको बैठकको माईन्युटबाट खुल्न आउंदैन ।अध्यक्ष अनुपस्थित भएको वा अध्यक्षले बैठक बोलाई सो बैठकको अध्यक्षता समेत गर्नु भनी उपाध्यक्षलाई नभने सम्म उपाध्यक्षले संस्थाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने अख्तियारी गोरखा स्मारक ट्रष्टको स्विकृत बिधान २०६८ को दफा १३(३) ले उपाध्यक्षलाई प्रदान गरेको देखिंदैन।उपाध्यक्षले बैठकको अध्यक्षता गर्न पनि अध्यक्षले बोलाएको बैठकमा अध्यक्ष अनुपस्थित भएमा मात्र उपाध्यक्षले सो बैठकको अध्यक्षता गर्ने र उपाध्यक्ष पनि अनुपस्थित भएमा उपस्थित मध्येको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने ब्यवस्था सो बिधानको दफा १३(६) मा रहेको छ । तर आफ्नो संस्थाको बिधानको यो ब्यवस्था बमोजिम उक्त बैठकको अध्यक्षता गरेको भन्न् कुरा लिखित जवाफमा कुनै जिकिर लिएको देखिंदैन । रिट निवेदकले संस्थाको नविकरण नगरेको, गर्न नचाहेको वा सम्पर्कमा नरहेको कारण बाध्य भएर संस्था बचाउन रिट निवेदकको बिरूद्धमा अविश्वासको प्रस्ताव ल्याई निजलाई अध्यक्षको पदबाट हटाउन यो निर्णय लिन परेको हो भन्ने बिपक्षीहरूको जिकिरलाई मिसिल संलग्न गोरखा स्मारक ट्रष्टको Letter Head मा रिट निवेदकले बिपक्षी मध्यको चन्द्रबहादुर गुरूङ्गलाई मिति २०७५।१२।१४ मा ट्रष्ट नविकरण किन नगरेको,संस्थाको हित विपरितका कार्यहरू किन र कस्को आडमा गरेको हो भनी पत्राचार गरेबाट बिपक्षीको उक्त जिकीरलाई खण्डित गरीरहेको छ । यसरी बिधानमानै अध्यक्षले संस्थाको कार्यसमितिको बैठक बोलाउने भन्ने स्पष्ट ब्यवस्था गरेको र यदि अध्यक्षले बैठक नबोलाएमा कार्यसमितिका पदाधिकारीहरूको ५१% ले बैठक बोलाउन मांग गरेमा अध्यक्षले तुरून्त बैठक बोलाउनु पर्ने भन्ने१ बिधानको दफा १३(४) बमोजिम बैठक बोलाईएको नदेखिएको अवस्थामा बिपक्षी जङ्गबहादरु गुरूङ्गले अध्यक्षता गरेको मिति २०७५।१२।०३ को बैठक गोरखा स्मारक ट्रष्टको बिधान २०६८ बमोजिमको भन्न४ मिल्दैन।

९. गोरखा स्मारक ट्रष्टको बिधान २०६८ को परिच्छेद -७ , दफा २५ को उप दफा (१) देखि (४) सम्म संस्थाको पदाधिकारीको बिरूद्धमा अबिश्वासको प्रस्ताव दर्ता गर्ने, सो प्रस्तावमा छलफल गर्ने,जस्को बिरूद्धमा अविश्वासको प्रस्ताव ल्याएको हो निजलाई सुनुवाईको मौका प्रदान गर्ने र अविश्वासको प्रस्ताव उपर निर्णय गर्ने प्रकृयाको बारेमा बिस्तृत ब्यवस्था गरेको पाईन्छ । सो बिधानको दफा २५ को उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव दर्ता भए पश्चात सो

अविश्वासको प्रस्ताव के सम्बन्धमा हो ? सो स्पष्ट खुलाई सो सम्बन्धि छलफल गर्ने स्थान,मिति,समय समेत तोकि संस्थाको साधारण सभा वा बिशेष साधारण सभा बोलाउनु पर्ने बाध्यात्मक ब्यवस्था बिधानको दफा २५ को उपदफा (२) ले गरेको छ । सोही बिधानको दफा २५ को उपदफा (३) को (क) मा साधारण सभाको अध्यक्षता गर्ने ब्यक्तिले अविश्वासको प्रस्ताव पेश गर्ने एकजना सदस्यलाई अविश्वासको प्रस्ताव ल्याउनु पर्नाको कारण सभामा पेश गर्न अनुमती दिने र अविश्वासको प्रस्ताव पास गर्न चाहने बढिमा तिन जना सदस्यलाई आफ्नो अभिमत प्रकट गर्नको लागि अध्यक्षले अनुमति दिनु पर्ने ब्यवस्था गरेको छ।सो उपदफा (३) को (ग) मा जुन पदाधिकारीको विरूद्धमा अविश्वासको प्रस्ताव प्रस्तुत गरीएको हो सभाको अध्यक्षता गर्ने ब्यक्तिले ति पदाधिकारीहरूलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका प्रदान गर्नु पर्नेछ भन्ने ब्यवस्था पनि उल्लेख गरेको छ । उक्त बिधानको दफा २५ को उपदफा (४) मा अविश्वासको प्रस्ताव साधारण सभामा उपस्थित दुई तिहाई को बहुमतले पारित गरेमा त्यस्तो सदस्य पदमुक्त हुने ब्यवस्था गरेको छ ।

१०.बिपक्षी जङ्गबहादुर गुरूङ्गले अध्यक्षता गरेको मिति २०७५।१२।३ को बैठकको निर्णय बिपक्षी मध्येका जङ्गबहादुर गुरूङ्ग र चन्द्रबहादुर गुरूङ्गले प्रमाणित गरी लिखित जवाफ साथ प्रतिलिपि पेश गरेको देखियो। उक्त मितिको बैठकको माईन्युटको अनुहारबाटै सो बैठक बिधान अनुसारको साधारण सभा वा बिशेष साधारण सभा होईन भन्नेम स्पष्ट देखिन्छ । सो माईन्युटको ब्यहोरा हेर्दा "यस संस्था" भन्नेन सम्म उल्लेख भएको छ तर सो निर्णयमा यस संस्था भनेको गोरखा स्मारक ट्रष्टनै हो भन्ने उक्त मितिको ३ पृष्ठको माईन्युटमा कहिं कतै पनि खुल्दैन।मिति २०७५।१२।३ को माईन्युटको निर्णय नं.३ मा , "अविश्वासको सम्बन्धमा" भन्नेै प्रस्ताव राखी यिनै रिट निवेदकको बिरूद्धमा बिभिन्नो आरोपहरू लगाई अविश्वासको प्रस्ताव पास भएको उल्लेख गरेको पाईन्छ तर सो अविश्वासको प्रस्ताव कस्ले, के प्रकृयाबाट दर्ता गरेको थियो ? भन्नेत कुरा र सो प्रस्तावको उत्पत्ति देखि पारीत गर्दा सम्मे गोरखा स्मारक ट्रष्टको बिधान २०६८ को परिच्छेद -७ को दफा २५ ले निर्दिष्ट गरिदिएको कुनै पनि प्रकृयाहरू बिपक्षी जंङ्गबाहदुर गुरूङ्ग र चन्द्रबहादुर गुरूङ्गले पालना नगरी रिट निवेदकलाई गोरखा स्मारक ट्रष्टको कार्य समितिको अध्यक्ष पदबाट अवैधानिक तवरले अविश्वासको प्रस्ताव पारीत गरी पदच्युत गरेको कार्यलाई मनासिव र बिधान सम्मात भन्ने मिलेन ।

११.कानूनी ब्यक्तिको अधिकार र कर्तव्य संस्थाको विधानले निर्धारण गरे बमोजिम मात्र हुन्छ।कानूनी व्यक्तिको भौतिक गतिविधि नहुने हुँदा कानूनी व्यक्तिले आफ्नो काम गर्नको निमित्त प्राकृतिक व्यक्ति वा व्यक्तिहरूको समूह लाई आफ्नो विधानले अख्तियार प्रदान गर्दछ । कानूनी ब्यक्तिको स्थापना(जन्म), बिघटन(मृत्यु) र अस्तित्वमा रहुन्जेल सम्म सो संस्थाको कार्य संचालन के कसरी हुने हो ? सो सम्बन्धमा सोही संस्थाको बिधानमा स्पष्ट ब्यवस्था गरीए बमोजिम मात्र हुने हुन्छ र सोहि बिधानले निश्चित गरेको औपचारीक प्रकृया अनिवार्यरूपमा अवलम्वन गर्दा मात्र त्यस्तो कुनै अविश्वास वा अपदस्त गर्ने प्र स्तावले कानूनी मान्यता पाउंदछ। यस प्रयोजनको लागि विधानले दिएको अधिकार बमोजिम मात्र संस्थाका पदाधिकारीहरू चल्नु पर्ने हुन्छ अन्यथा संस्थाको हितको लागि भनी जतिसुकै पवित्र भावनाबाट गरीएको कामकारवाही भए पनि त्यस प्रकारको काम कारवाहिले बैधता प्राप्त गर्न सक्दैन ।

१२.अब दोस्रो प्रश्नका सम्बन्धमा बिचार गर्दा , रिट निवेदकलाई गोरखा स्मारक ट्रष्टको अध्यक्षको पदबाट अविश्वासको प्रस्तावद्वारा हटाउने कार्य र त्यसलाई स्वि कार गरेको बिपक्षी जिल्ला प्रशासन कार्यालय, स्याङ्गजाको निर्णय समेत उत्प्रेषणको आदेश जारी गरी बदर गरी पाउं भनि माग गरेकोमा , बिपक्षी जंङ्गबहादुर गुरूङ्गको अध्यक्षतामा बसेको बैठकको मिति २०७५।१२।३ को निर्णय बिधान सम्मत नभई गैरकानूनी देखिएकोले रिट निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गरीदिएकोछ । सो सम्वन्धमा बिपक्षी जिल्ला प्रशासन कार्यालय स्याङ्गजाले आवश्यक कागजका आधारमा निज रिट निवेदक र अन्य विपक्षी संलग्न संस्थाको अवधि नविकरण सम्मको कार्य सम्पन्ना गरेको उचितनै देखिएकोले बिपक्षी जिल्ला प्रशासन कार्यालय , स्याङ्गजाका प्रमुख जिल्ला अधिकारी कोशहरि निरौला र जिल्ला प्रशासन कार्यालयका हकमा सो कुरामा उत्प्रेषणको आदेश जारी गरीरहनु परेन ।

१३.यसरी माथि प्रकरण नं. १२ अनुसार उत्प्रेषणको आदेश जारी भैसकेको स्थितीमा निज बिपक्षी जंङ्गबाहदुर गुरूङ्ग र चन्द्रबहादुर गुरूङ्गले अनधिकृत तवरबाट सम्पन्नी गरेको मिति २०७५।१२।३ को निर्णयको बैधता शुन्य हुनपुगेको स्थितिमा सो संस्थाको साविक नेतृत्व स्वभाविकरुपमा पुनर्जिवित हुने भएकोले रिट निवेदक पदम बहादुर गुरूङ्गलाई बांकि अवधि गोर्खा स्मारक ट्रष्टको अध्यक्ष पदमा काम गर्न दिनु भनी बिपक्षीहरू जंङ्गबाहदुर गुरूङ्ग र चन्द्रबहादुर गुरूङ्गको नाउंमा परमादेश समेत जारी हुने ठहर्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

## तपसिल

- यो आदेश कार्यन्वयनको लागी छायाप्रति सहित सवै बिपक्षीहरूलाई र उच्च सरकारी वकिल कार्यालय पोखरालाई लेखि पठाउनु.........................................................................१
- प्रस्तुत सरोकारवालालाई नियमानुसार नक्कल दिनू ..................................................२
- यो आदेशको विद्युतीय प्रति कम्प्युटरमा अपलोड गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू .........................................................................................३

**(डालकुमार खड्का)**
**न्यायाधीश**

उक्त रायमा म सहमत छु।

**(तेजबहादुर कार्की)**
**न्यायाधीश**

इजलास अधिकृतः- देबी भण्डारी
कम्प्युटर गर्नेः केशव पौडेल
इति सम्वत् २०७६ साल असार १५ गते रोज १ शुभम्...............................।